नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:-

मितिः-२०८२/०४/२२

नेपाल संवत् ११४५

विषयः- सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको च.नं. ११७ मिति २०८१/०४/१६ को सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

............

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सम्पत्ति शुद्धिकरण तथा राजश्व अनुसन्धान शाखा, सिंहदरबार, काठमाडौं।

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

फोन/फ्याक्स नं. : ४५६५३६२
इमेलः info@deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयां बानेश्वर, काठमाडौं ।

पत्र संख्या :- ०८१/८२
चलानी नं.:- ११६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३६८
मिति:- ४।२२

मिति : २०८१/४/१६

विषयः परिपत्र गरिदिने सम्वन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

सहकारी विभागले जोखिममा आधारित सहकारी संघ/संस्थाहरुको अनुगमन गर्ने प्रयोजनको लागि सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) वमोजिम सवै सहकारी संघ/संस्थाहरुले Google Forms को link (https://forms.gle/f1bSReHwEKTtgnvEA) मार्फत श्रावण मसान्तभित्र आ.व. २०८१/८२ को विवरण अनिवार्य रुपमा प्रविष्टि गरी पठाउने सम्वन्धी यस विभागको मिति २०८२/३/३२ मा जारी गरिएको सूचना थान १ यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ । उक्त सूचना वमोजिमको विवरण प्रविष्टी गर्ने/गराउने सन्दर्भमा स्थानीय तहहरुमा परिपत्र गरिदिनु हुन विभागको मिति २०८२/४/१६ को निर्णयानुसार अनुरोध छ।

(शशिकुमार लम्साल)
उपरजिष्ट्रार

**वोधार्थ**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सम्पत्ति शुद्धीकरण तथा राजश्व अनुसन्धान शाखा, सिंहदरवार, काठमाडौं।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

# सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धमा सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको सूचना ।

आर्थिक अपराधको स्वरुप र मात्रामा देखिएको विश्वव्यापी प्रवृत्ति चुनौतीपुर्ण बन्दै गएको सन्दर्भमा नेपाल आर्थिक अपराध नियन्त्रणमा सधै सक्रिय रहदै आएको छ । FATF र APG को पछिल्लो समीक्षात्मक मूल्यांकनवाट कानून कार्यान्वयनमा आधारभूत रुपमा १६ वटा रणनीतिक क्षेत्रमा सुधार गर्न पर्ने आधारमा नेपाल Jurisdiction Under Increased Monitoring (ग्रे लिष्ट) मा परेको छ ।

नेपालको पारस्परिक मूल्यांकन २०२३, नेपाल सरकारवाट स्वीकृत सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१/८२-२०८५/८६ तथा माननीय उपप्रधान तथा अर्थमन्त्रीज्यूको संयोजकत्वमा वसेको निर्देशक समितिको वैठकवाट स्वीकृत "ग्रे लिष्टवाट वाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२"को अनुसूची २ मा सहकारी नियमन सुपरिवेक्षणसँग सम्वन्धित निकायले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका जोखिमका क्षेत्रको नियमन सुपरिवेक्षण सशक्त गर्नुपर्ने व्यवस्था उल्लेख छ। सो व्यवस्था वमोजिम सहकारी विभागले जोखिममा आधारित सहकारी संघ/संस्थाहरुको अनुगमन गर्ने प्रयोजनको लागि सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प. को उपदफा (२) वमोजिम सवै सहकारी संघ/संस्थाहरुले Google Forms को link https://forms.gle/f1bSReHwEKTtgnvEA मार्फत श्रावण मसान्तभित्र आ.व. २०८१/८२ को विवरण अनिवार्य रुपमा प्रविष्टि गरी पठाउनु हुन यस विभागको मिति २०८२/३/२६ को निर्णयानुसार सूचित गरिन्छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

२०८२।३।३२
शशि कुमार लम्साल
उप रजिष्ट्रार